# बुद्ध

प्रथम अध्याय

# शाक्यमुनी बुद्ध

## १

## बुद्धको जीवनी

१. हिमालयको दक्षिणतर्फको तल्लो भाग भएर बग्ने रोहिणी नदीको किनारामा शाक्यवंशीहरू बसोबास गर्दथे। उनीहरूका राजा शुद्धोधन गौतमले आफ्ना राजधानी कपिलवस्तुमा स्थापना गरी ठूलो गढ बनाई प्रजाबाट प्रशंसित भई बुद्धिमतापूर्वक राज्य गरी रहेका थिए।

महारानीको नाम मायादेवी थियो। उनी राजाको फूपाजुकी छोरी थिइन, जो छिमेकी राज्यका सोही शाक्यवंशका राजा थिए।

बीस वर्षसम्म उनीहरूको कुनै सन्तान भएन। तर एकरात अचम्मको सपनामा एउटा सेतो हात्ती उनको दाहिने काखीमुनिबाट गर्भाशयमा पसेको देखेपछि , महारानी मायादेवी गर्भवती भइन्। राज-बालक जन्मने कुरालाई राजा तथा प्रजा दुबैले उत्सुकतापूर्वक प्रतिक्षा गरे। उनीहरूको चलनअनुसार रानी सन्तान जन्माउन माइततर्फ गईन र वसन्तको सुन्दर घाममा उनले लुम्बिनी उद्यानमा विश्राम गरिन्।

उनको चारैतिर अशोकका फूलहरू फुलेका थिए र त्यो देखेर आनन्दित भई उनले फूलको एउटा हाँगा दाहिने हातले टिप्न खोज्दा राजकुमारको जन्म भयो । महारानी एवं उनको राजपुत्रको महिमामा सबैले हर्ष मनाए; स्वर्ग तथा पृथ्वीले समेत आनन्द मनाए । यो अविस्मरणीय दिन अप्रिल महिनाको आठौँ दिन थियो ।

राजा अत्यन्तै आनन्दित भई राजकुमारको नाम सिद्धार्थ राखे, जसको अर्थ हुन्छ , "सबै इच्छा परिपूर्ण भएको ।"

२. तर मातृप्रेमको अनुभूति गर्न नपाउँदै प्रिय महारानी मायादेवीको अकस्मात् देहान्तले राजदरबारमा दुःख आइपऱ्यो । उनकी बहिनी महाप्रजापति सानीआमा बनी बालकको स्नेहपूर्वक पालनपोषण गरिन् ।

नजिकैको पहाडमा बस्ने असिता नाम गरेका तपस्वी राजदरबारको वैभव देखेर त्यसलाई सुलक्षण ठानी दरबारमा आए । उनलाई राजकुमार देखाइयो । ती तपस्वीले "राजकुमार राजपाट सम्हालेर राज्यमा बसे महान् चक्रवर्ती राजा हुनेछन् यदि दरबार छोडेर प्रव्रजित भएमा संसारभरिका महान् बुद्ध हुनेछन्" भनी भविष्यवाणी गरे ।

सिद्धार्थ ठूलो भएपछि महान सम्राट हुने कुराले राजा धेरै खुसी भए तर राजकुमारले राजपाठ छोडेर प्रव्रजित हुने कुराले उनी साह्रै चिन्तित हुन थाले ।

सात वर्षको उमेरमा राजकुमारले प्रशासन तथा सैनिक कलाको शिक्षा प्रारम्भ गरे, तर स्वभावतः उनी अरुनै कुरामा संवेदनशील थिए ।

वसन्त ऋतुको कुनै दिन उनी आफ्ना पिताका साथ दरबार बाहिर गएका थिए । एक किसानद्वारा हलो जोतिरहेको हेरीरहेको बेला हलोले माटो खन्दा जमिनमाथि निस्कन पुगेको किरालाई एउटा चराले टिपेर उडेको उनले देखे । यो देखी रुखको छहारीमा बसी यस माथि विचार गर्दै आफैलाई भन्न थाले :

"हाय ! के सबै जीवित प्राणीले एक अर्काको हत्या गर्दछन् ?"

सानैमा आफ्नी आमाबाट विछोड भएका राजकुमारलाई यस घटनाले  गहिरो प्रभाव पार्‍यो ।

प्रतिदिन उमेर बढ्दै जाँदा उनको आध्यात्मिक चिन्तन पनि गहिरिँदै गयो ; कलिलो रुखमा सानो चोट परेझैँ मानव जीवनका दुःख, पीडाहरूले उनको मनमा गहिरो छाप पर्दै गयो ।

तपस्वीको भविष्यवाणी सम्झनासाथ राजालाई चिन्ता बढेर आउथ्यो । यसै कारण उनले राजकुमारलाई सम्पूर्ण सुविधाहरू दिई अरु कुरामा भुलाउने हरसम्भव कोशिस गरे । उन्नाइस वर्षको उमेरमा स्वर्गीय महारानी मायादेवीका भाइ देवदहका राजा सुप्रवुद्धकी छोरी राजकुमारी यशोधरासँग उनको विवाह गरिदिए ।

३. दस वर्षसम्म वसन्त, हेमन्त र वर्षा ऋतुका लागि बनाइएका मनोहर महलमा राजकुमार नृत्य, संगीत र मोजमस्तीमा डुबीरहे । तर जहिले पनि उनको मन दुःखमय जीवनतर्फ फर्कन्थ्यो अनि मानव जीवनको सत्यता बुझ्न ब्याकुल हुन्थ्यो ।

"महलको यो विलास, यो स्वस्थ शरीर, यो आनन्दमय युवावस्था ! यी सबैको मेरा निमित्त के अर्थ हो ?" उनले विचार गरे । "कुनै दिन हामी बिरामी पर्न सक्नेछौँ, हामी वृद्ध हुनेछौँ, मृत्युबाट कदापि उम्कन सक्दैनौ । युवावस्थाको गर्व, स्वास्थ्यको गर्व, अस्तित्वको गर्व, सबै विवेकशील व्यक्तिहरूले यिनलाई पन्छ्याउनु पर्दछ ।"

"अस्तित्वको लागि संघर्ष गरिराखेको मानिसले स्वभावतः केही महत्वपूर्ण कुराको खोजी गर्दछ । यस्तो खोजी दुई प्रकारले गर्न सकिन्छ– सही बाटोबाट र गलत बाटोबाट । गलत बाटोबाट खोजी गर्नेहरु रोग, बृद्धावस्था र मृत्यु, अवश्यंभावी छ भन्ने थाहा हुँदाहुँदै यिनै कुराहरूको खोजीमा लाग्दछ ।

"सही बाटोबाट खोजी गर्नेहरू रोग, बृद्धावस्था र मृत्युको सत्य प्रकृति थाहा पाई सबै प्रकारका मानव दुःखबाट छुटकारा पाउने कुराको खोजी गर्दछ । विलासपूर्ण जीवन गलत बाटोको रोजाई जस्तो लाग्दछ ।"

४. यसरी उनन्तीस वर्षको उमेर सम्म, राजकुमारको मनमा मानसिक संघर्ष चलिरह्यो र यसै वर्ष उनका एकमात्र सन्तान राहुलको जन्म भयो। यस घटनापछि सिद्धार्थले कतै गृहस्थी जीवनमै फसिने हो कि भन्ने चिन्ताले गृहस्थी जीवन त्यागेर आफ्नो मानसिक चिन्ताको समाधानका निमित्त एक गृहविहीन भिक्षुको जीवन व्यतित गर्ने निश्चय गरे। एक रात आफ्ना निजी सारथी छन्दकका साथ प्रिय श्वेत घोडा कन्थक चढेर दरबारबाट निस्के।

तर उनको मानसिक बेचैनी शान्त भएन। कैयन मारहरूले उनलाई लोभ्याउँदै भने "यदि तिमी दरबार फर्केर गयौ भने सम्पूर्ण संसार चाँडै तिम्रो हुनेछ।" तर यस सांसारिक सुख आफूलाई नचाहिएको प्रतिक्रिया मारलाई दिँदै आफ्नो शिर मुण्डन गरी हातमा भिक्षा पात्र लिएर दक्षिणतर्फ लागे।

राजकुमार सर्वप्रथम योगी भार्गवकहाँ पुगे र उनका यौगिक अभ्यासहरू हेरे। त्यसपछि ध्यानद्वारा निर्वाण प्राप्त गर्ने पद्धति सिक्न आलारकालाम र उद्दकरामपुत्रकहाँ पुगे। उक्त पद्धतिको केही समयसम्म अभ्यास गरेपछि यसले उनलाई बोधि प्राप्त गराउन नसक्ने कुरामा उनी विश्वस्त भए। अन्तमा उनी मगध राज्य गई गया गाउँ भएर बग्ने नैरजना नदीको तटमा रहेको उरुबेला वनमा तपस्या गर्न लागे।

५.  उनका साधनाका पद्धतिहरू अविश्वनीय किसिमले कठोर थिए । उनले स्वयम् संकल्प गरे, "न त भूतमा, न त वर्तमानमा, न त भविष्यमा नै कुनै पनि तपस्वीले म भन्दा बढी एकाग्र चित्त भई साधना गर्ने अथवा गरेका हुने छैनन् ।"

तैपनि राजकुमारले आफ्नो लक्ष्य प्राप्त गर्न सकेनन् । उनले छ वर्षको कठोर तपस्यालाई त्यागे । उनी नदीमा गई स्नान गरे अनि छिमेकी गाउँमा बस्ने सुजाता नाउकी कन्याको हातबाट दूधको कचौरा ग्रहण गरे । उनका साथ छ वर्षसम्म सँगै तपस्या गरेका अन्य पाँच सहयोगीहरूलाई यसरी एक कन्याको हातबाट दूधको कचौरा ग्रहण गरेको कुराले अचम्मित बनायो । यस क्रममा साथीहरूको उनीप्रतिको विश्वास हराउँदै गयो अनि उनी पतन भएको सम्झी उनलाई परित्याग गरी हिँडे ।

यसरी राजकुमार एक्लै परे । उनी शारीरिक रूपमा अझै दुर्बल थिए तैपनि आफ्नो ज्यानलाई संकटमा डाली पूणः ध्यानमा बसी यस्तो प्रतिज्ञा गरे - "मेरो शरीरको रगत सुकेर गए तापनि, मासु सडेर गए तापनि, हाड टुक्रा टुक्रा भए तापनि बुद्धत्व प्राप्त नगरी म यो आसनबाट उठ्ने छैन ।"

यो बडो तीब्र र अतुलनीय संघर्ष थियो । उनको मन निराश एवं अस्पष्ट विचारले भरिएको थियो, उनको चित्तलाई कालो छायाले ढाकेको थियो, मारका प्रलोभनहरूले उनलाई घेरिराखेको थियो । उनले

यी सबैलाई एक-एक गरी सावधानी एवं धैर्यपूर्वक नियाली सबैलाई अस्वीकार गरे। यो निश्चय नै एक कठिन संघर्ष थियो जसले उनको रगतलाई पातलो पारेको थियो, मासुलाई क्षीण पारेको थियो अनि हाडलाई खण्डित गर्दै थियो।

तर जब पूर्वी आकाशमा बिहानको तारा उदायो, संघर्ष समाप्त भयो एवं राजकुमारको चित्त सूर्योदय जस्तै निर्मल र निर्विकार भयो। उनले अन्तमा बोधिज्ञानको मार्ग प्राप्त गरे। आठ डिसेम्बरको दिन जब उनी पैतीस वर्षका भए राजकुमार बुद्ध बने।

६. यसपछि राजकुमारलाई विभिन्न नामले सम्बोधित गरिन थालियो। कसैले उनलाई बुद्ध भने, बुद्धत्व प्राप्त तथागत ; कसैले उनलाई शाक्यमुनि भने, शाक्य वंशका मुनि ; अरुहरूले उनलाई भगवान भने।

सबभन्दा पहिला उनी आफूसँगै छ वर्षसम्म तपस्या गर्ने पाँच तपस्वी साथीहरू बसिरहेका वाराणसीको मृगदावनमा गए। पहिला त उनी पहिलेकै अवस्थामा रहेको सम्झी विश्वास गरेनन् तर धेरै बेरपछिको विविध तर्कवितर्कबाट विश्वस्त भई पाँचैजना उनका प्रथम अनुयायी बने। अनि उनी राजगृह गई आफ्ना सदैव मित्र रही आएका राजा विम्विसारलाई प्रवचन दिई आफ्ना उपासक बनाए। त्यहाँबाट उनी भिक्षाटन गर्दै एक ठाउँबाट अर्को ठाउँमा गई आफूले प्राप्त गरेको बोधिज्ञानको प्रचार गरे।

प्यासाले पानी खोजेझैँ अनि भोकाएकाले खाना खोजेझैँ गरी मानिसहरू उनको प्रवचन सुनी उनको मार्गमा लाग्न थाले । दुई महान शिष्यहरू सारिपुत्र र मौदगल्यायन उनीहरूका दुईहजार अनुयायी सहित बुद्धका शरणमा आए ।

पहिला त बुद्धका पिता राजा शुद्धोधन छोराले दरबार परित्याग गरेको कुराले त्यति खुशी थिएनन तर पछि उनका निष्ठावान् शिष्य हुन पुगे । बुद्धकी सौतेनी आमा महाप्रजापति, उनकी पत्नी राजकुमारी यशोधरा र सम्पूर्ण शाक्यवंशका सदस्यहरू उनका अनुयायी भए । असंख्य अन्य व्यक्तिहरू उनका निष्ठावान अनुयायी भए ।

७. बुद्धले पैतालिस वर्षसम्म देशका ठाउँठाउँमा घुमी धर्मोपदेश दिँदै आफूले दिएको मार्गमा लाग्न प्रोत्साहित गरे, तर जब उनी असी वर्षका भए, राजगृहबाट श्रावस्ती जाने बाटोमा पर्ने बैशाली पुग्दा अस्वस्थ भए र तीन महिनापछि आफूले परिनिर्वाण लिने भविष्यवाणी गरे । तैपनि उनको यात्रा चलिरह्यो र पावा पुग्दा लोहार चुण्डले दिएको भोजन खाएर उनी सिकिस्त बिरामी परे । शरीरमा अत्यन्तै कष्ठ र कमजोरी भए तापनि यात्रा गर्दै उनी कुशीनगरको छेउको वनमा पुगे ।

त्यहाँ दुई ठूला साल वृक्षको बीचमा ओछ्यान बनाई पल्टेर आफ्नो अन्तिम क्षणसम्म धर्मोपदेश गरिरहे । यसरी अन्त्यमा आफ्नो कार्य पूरा गरी यी सर्वश्रेष्ठ उपदेशक तथा करुणामयी व्यक्ति पूर्ण शान्तिमा प्रवेश गरे ।

८. बुद्धका प्रिय शिष्य आनन्दको निर्देशनमा उनको शरीरको दाहसंस्कार उनका मित्रहरूद्वारा कुशीनगरमा भयो ।

राजा अजातशत्रु एवं छिमेकका सात शासकहरूले उनको अस्थिधातु उनीहरूमा बाँडियोस् भनी माग गरे । कुशीनगरवासीहरूले पहिले त यस कुरालाई अस्वीकार गरे । यस विवादको अन्त्य युद्धबाट मात्र हुने अवस्था समेत देखियो तर द्रोण नाम गरेका एक विद्वान् व्यक्तिको सल्लाहले यो संकट हट्न गई अस्थिधातुलाई आठ महान् देशहरूमा बाँडियो । चिताको खरानी तथा अस्थिधातु राखिएको माटोको घडा दुई अन्य राजाहरूलाई पनि सम्मानका साथ दिइयो । तसर्थ यी अस्थिधातु तथा भष्महरू राख्नको लागि बुद्धको सम्झनामा दश ठूला ठूला चैत्यहरू निर्माण गरियो ।

# २

# बुद्धका अन्तिम उपदेश

१. कुशीनगरमा साल वृक्षमुनि आफ्ना शिष्यहरूलाई अन्तिम उपदेश दिँदै बुद्धले भने :

"स्वयम्लाई एक ज्योति बनाऊ । स्वयम्माथि विश्वास गर : अरु कसैमाथि भर नपर । मेरो उपदेशलाई आफ्नो ज्योति बनाऊ । तिनमाथि भर पर, अन्य कुनै उपदेशमाथि भर नपर ।"

आफ्नो शरीरको विचार गर, यसको अपवित्रताको विचार गर, बेदना र आनन्द दुबै दुःखका कारण हुन् भन्ने थाहा पाउँदा पाउँदै तिमी त्यसको तृष्णामा कसरी आशक्त हुन सक्दछौ ? आफ्नो आत्माको

विचार गर ; यसको अनित्यतामाथि विचार गर ; सबैको अन्त्य अवश्यंभावी दुःखमा नै हुन्छ भन्ने थाहा पाउँदा पाउँदै किन यसको मोहमा परी गर्व तथा स्वार्थको उपासना गर्दछौ । सबै तत्वहरू माथि विचार गर ; के तिमीले तिनीहरूमा कुनै चिरस्थायी “आत्मा” पाउन सक्दछौ ? के ती सबै त्यस्ता स्कन्धहरू होइनन् जो ढिलो अथवा चाँडो टुक्रा टुक्रा भएर छरिन्छन् ? दुःखको सर्वव्यापकताप्रति भ्रममा नपर, मेरो मृत्युपछि पनि मेरा उपदेशहरू पालना गर अनि तिमी दुःखबाट मुक्त हुनेछौं । यस्तो गर अनि तिमी निश्चय पनि मेरा शिष्य हुनेछौ ।

२. “मेरा शिष्यहरू हो ! मैले दिएको उपदेशहरू कहिल्यै बिर्सने अथवा परित्याग गर्ने छैनौ । तिनको सदैव संरक्षण गर्नुपर्दछ र तिनको मनन गरी अभ्यास गरिनु पर्दछ । यदि तिमीले यी उपदेशहरू पालना गर्‍यौ भने तिमी सदैव सुखी रहने छौ ।

उपदेशको मुख्य आशय तिम्रो आफ्नै मनमाथि नियन्त्रण पाउनु हो । लोभबाट मुक्त हुन सक्यौ भने तिमीले आफ्नो शरीरलाई सत्मार्गमा, मनलाई निर्मल अनि वचनलाई निष्ठावान राख्न सक्दछौ । जीवनको क्षणभंगुरतालाई सदैव विचारमा राख्यौ भने, तिमी लोभ र रीसको प्रतिरोध गर्न सक्नेछौं अनि सम्पूर्ण पापहरूका परित्याग गर्न सक्नेछौ ।

यदि तिमीले आफ्नो मन प्रलोभित भई लोभमा फसेको पायौ भने प्रलोभनको दमन र नियन्त्रण गर्नुपर्दछ ; आफ्नै मनको स्वामी बन ।

मानिसको मनले उसलाई बुद्ध बनाउन सक्दछ र यसै मनले उसलाई पशु बनाउन सक्दछ। भ्रमले बाटो बिरायौ भने राक्षस बन्न सक्नेछौ ; बोधिज्ञान प्राप्त गर्न सक्यौ भने बुद्ध हुन सक्नेछौ। तसर्थ, आफ्नो मनमाथि नियन्त्रण राख अनि कहिल्यै पनि सत्मार्गबाट यसलाई विमखु हुन नदेऊ।"

३. " तिमीहरूले परस्परमा सम्मान गर्नु , मैले दिएको सत्मार्गमा लागि विवादबाट मुक्त हुनु ; पानी र तेल जस्तै एकअर्कामा वेमेल नभई पानी र दूध जस्तै गरी मिसिएर बस्नु पर्दछ।

सँगसँगै अध्ययन गर, सँगसँगै सिकी सँगसँगै मैले दिएको उपदेशको अभ्यास गर। व्यर्थका कुरा अथवा कलहमा आफ्नो मन र समय खेर जान नदेऊ। ज्ञानको फूल फुल्ने ऋतुमा त्यसको आनन्द लेऊ र सत्मार्गको फल टिप

जुन उपदेश मैले तिमीहरूलाई दिएको छु , त्यो मैले स्वयम् त्यही मार्ग अनुसरण गरेर प्राप्त गरेको हुँ। तिमीहरूले यी उपदेशहरू पालना गरी प्रत्येक अवसरमा तिनको भावना अनुकूल आचरण गर।

यदि तिमीहरूले तिनको उपेक्षा गर्‍यौ भने यसको अर्थ तिमीहरूले मलाई कहिल्यै नभेटे सरह हुनेछ। यसको अर्थ वास्तवमा तिमीहरू मसँग भए पनि मभन्दा धेरै टाढा भए सरह हुनेछ ; तर यदि तिमीहरूले मेरो उपदेश स्वीकार गरी अभ्यास गर्‍यौ भने तिमीहरु मभन्दा टाढा हुँदा पनि मेरो नजिकै हुनेछौँ।"

४. मेरो शिष्यहरू, मेरो अन्त्य नजिकै आइसकेको छ। हामी

छुट्टिने बेला नजिक आएको छ , तर विलाप नगर। जीवन सदैव परिवर्तनशील छ ; कोही पनि शरीरको विनाश हुनबाट उम्कन सक्दैन। अब म मेरै मृत्युबाट यो कुरा प्रकट गर्नेछु , एक सडेको गाडाझैँ मेरो शरीर टुक्राटुक्रा हुनेछ।

व्यर्थमा विलाप नगर, तर कुनै कुरा पनि स्थायी छैन भन्ने यथार्थता बुझी यसबाट मानव जीवनको शुन्यताको बारेमा सिक्ने प्रयत्न गर। परिवर्तनीय कुरा अपरिवर्तनीय हुन सक्ने दुष्कामना नगर।

सांसारिक तृष्णाको राक्षसले मनलाई भ्रममा पार्न सदैव अवसर खोजी राख्दछ। यदि एक विषालु सर्प तिम्रो कोठामा छ अनि तिमी शान्तिपूर्वक सुत्न चाहन्छौ भने सर्वप्रथम तिमीले त्यसलाई कोठा बाहिर धपाउनु पर्दछ।

तिमीहरूले विषालु सर्पलाई धपाए झैँ सांसारिक रागको बन्धन तोडी तिनलाई धपाउनु पर्दछ। तिमीहरूले दृढतापूर्वक आफ्नै मनको रक्षा गर्नुपर्दछ।"

५. "मेरा शिष्यहरू, मेरो अन्तिम घडी आइपुगेको छ तर मृत्यु भनेको स्थूल शरीरको विनाश हुनु मात्र हो भन्ने कुरा तिमीहरूले बिर्सन हुन्न। शरीरको जन्म आमाबाबुबाट भएको हुन्छ , त्यसको पोषण अन्नले गरेको हुन्छ ; त्यसरी नै रोग र मृत्यु अवश्यंभावी हुन्।

तर साँचो बुद्ध मानव शरीर होइन ; यो त बोधिज्ञान हो। मनुष्य शरीर अवश्य विनष्ट हुनेछ , तर धर्मको सत्यमा र धर्मको पालनामा बोधिज्ञानको प्रज्ञा सदैव प्रवाहित भइरहने छ। जसले मेरो

शरीर मात्र देख्दछ , उसले यथार्थमा मलाई देख्दैन। उसले मात्र देख्दछ जसले मेरो उपदेश स्वीकार गर्दछ।

मेरो मृत्युपछि , धर्म नै तिमीहरूको गुरु हुनेछ। धर्मको पालना गर र तिमीहरू म प्रति निष्ठावान् हुनेछौ।

मेरो जीवनको गत पैतालीस वर्षमा, मैले आफ्ना उपदेशहरूमा केही कुरा लुकाएको छैन। कुनै गोप्य उपदेश छैन, कुनै लुकेको अर्थ छैन ; सबै कुराको खुला एवं स्पष्ट रूपले उपदेश दिएको छु। मेरा प्रिय शिष्यहरू, यो अन्त्य हो। अब एकै छिनमा निर्वाण लिनेछु। यो मेरो उपदेश हो।"

द्वितीय अध्याय

# अनादि एवं गौरवशाली बुद्ध

## १
## उनका करुणा र संकल्पहरू

१. बुद्धको भावना अत्यन्त करुणा र मायाले भरिएको छ। यसरी अत्यन्त मायाले भरिएको भावना सबै मनुष्यलाई कुनै वा सबै प्रकारले रक्षा गर्ने भावना हो। महती करुणाको भावना त्यो हो जसले अरुको बिरामीमा बिरामी हुन तथा अरुको दुःखबाट दुखित हुनुतर्फ प्रेरित गर्दछ।

बुद्धले भनेका छन् "तिम्रो दुःख मेरो दुःख हो र तिम्रो सुख मेरो सुख हो।" जसरी कुनै पनि आमाले आफ्नो बालकलाई सदैव माया गर्दछिन् , उनले यो भावना एक क्षणका लागि पनि बिर्सन्नन् किनभने अरुकाप्रति करुणामय हुनु बुद्धत्वको प्रकृति हो।

बुद्धको करुणाको भावना मानिसको आवश्यकताअनुसार प्रोत्साहित हुन्छ , मानिसको विश्वास यसै भावनाप्रतिको प्रतिक्रिया हो र यसैले उसलाई ज्ञानतर्फ लग्दछ , ठीक त्यसरी नै जसरी कुनै पनि आमाले आफ्नो मातृत्व सन्तानलाई स्नेह गरेर अनुभव गर्दछिन् ; अनि सन्तानले आमाको त्यो माया पाएर आफूलाई सुरक्षित र आराम ठान्दछ।

तैपनि मानिसहरू बुद्धको यो भावना बुझ्दैनन् र अज्ञानद्वारा उत्पन्न तृष्णा र मोहमा परेर दुःख भोगिराखेका हुन्छन् ; उनीहरू सांसारिक रागद्वारा संग्रहित आफ्नै कर्मले दुःख पाउँछन् तथा आफ्नो पापी कर्मको भारी बोकेर मोहको पर्वतमा भौँतारी रहन्छन् ।

२. बुद्धको करुणा यस जन्मका लागि मात्र हो भनी विचार नगर, यो त अनादि बुद्धको अनन्तकालदेखिको करुणाको प्रकटीकरण हो र यो अज्ञातकालदेखि सक्रिय छ जबदेखि मनुष्यले आफ्नो अज्ञानको कारणले बाटो बिरायो ।

अनादि बुद्ध मानिसहरूका समक्ष अत्यन्त मैत्रीपूर्ण रूपमा प्रकट हुन्छन् र उनीहरूलाई दुःखबाट मोक्षको सर्वश्रेष्ठ बुद्धिमत्तापूर्ण प्रक्रिया प्रदान गर्दछन् ।

शाक्यमुनि बुद्ध शाक्य वंशमा राजकुमारका रूपमा जन्मेका थिए, उनले सन्यासीको जीवन व्यतीत गर्न आफ्नो महलका सुखसुविधाहरू परित्याग गरे । मौन ध्यानको अभ्यासद्वारा उनले बोधिज्ञान प्राप्त गरे । उनले आफ्ना मानिसहरूमा धर्मको उपदेश दिए र अन्त्यमा आफ्नो पार्थिव शरीरको त्यागद्वारा यसको अन्तिम अभिव्यक्ति प्रकट गरे ।

बुद्धत्वको कार्य त्यतिकै चिरस्थायी छ जत्तिको मानव अज्ञान अनन्त छ ; र जसरी अज्ञान अत्यन्त गहिरो छ , त्यसरी नै बुद्धको करुणा असीमित छ ।

जब बुद्धले सांसारिक जीवनबाट मुक्त हुने निर्णय गरे, उनले चार महान् संकल्पहरू लिए : १) सबै मानिसहरूको रक्षा गर्ने , २) सबै सांसारिक तृष्णाहरूको परित्याग गर्ने , ३) सबै उपदेशहरू सिक्ने, ४) पूर्ण बोधिज्ञान प्राप्त गर्ने । यी संकल्पहरू प्रेम र करुणाका प्रकटीकरणहरू हुन् जो बुद्धत्व प्रकृतिका मौलिक कुराहरू हुन् ।

३. बुद्धले सर्वप्रथम कुनै पनि जीवित प्राणीहरूको हत्याको पापबाट आफूलाई मुक्त राख्न साधना गरे र त्यसको पुण्यबाट उनले सबै मानिसहरूले दीर्घ जीवनको आशिर्वाद प्राप्त गर्न सकून् भनी कामना गरे ।

बुद्धले चोरीको पाप परित्याग गर्न साधना गरे र त्यसको पुण्यबाट उनले सबै मानिसहरूले उनीहरूको आवश्यकतानुसार सबै कुरा प्राप्त गर्न सकून, भनी कामना गरे ।

बुद्धले परस्त्रीगमनबाट टाढा रहने साधना गरे र त्यसको पुण्यबाट उनले सबै मानिसहरू आफ्नो अतृप्त तृष्णाद्वारा पीडित नभई पवित्र भावनाको कल्याण बुझ्न सक्ने होऊन् भनी कामना गरे ।

बुद्धले आफ्नो आदर्शलाई लक्षित गरेर सबै छलकपटबाट मुक्त हुन साधना गरे र त्यसको पुण्यबाट सबै मानिसहरूले सत्य बोल्दा प्राप्त हुने मानसिक शान्ति थाहा पाउन सकून् भनी कामना गरे ।

उनले दोधारे कुरालाई परित्याग गर्न साधना गरे र त्यसको पुण्यबाट उनले समाजमा बस्दा प्रेम र बन्धुत्वबाट प्राप्त हुने आनन्द सबैले थाहा पाउन सकून् भनी कामना गरे ।

उनले अरुको निन्दा नगर्ने साधना गरे र त्यसको पुण्यबाट अरुका साथ शान्तिपूर्वक बस्दा प्राप्त हुने निर्मल मन सबैलाई प्राप्त होस् भनी कामना गरे ।

उनले आफूलाई बेकारका कुराकानीबाट मुक्त राखे र त्यसपछि सहानुभूतिबाट प्राप्त हुने परमानन्द सबैले थाहा पाउन सकून् भनी कामना गरे ।

बुद्धले आफ्नो आदर्शलाई लक्षित गरी आफूलाई लोभबाट मुक्त गर्ने साधना गरे र त्यसपछि यस पवित्र कर्मद्वारा लोभबाट मुक्ति हुँदा प्राप्त हुने आनन्द सबैले थाहा पाउन सकून् भनी कामना गरे ।

उनले क्रोध परित्याग गर्ने साधना गरे र त्यसपछि सबै एकआपसमा प्रेम गरुन् भनी कामना गरे ।

उनले अज्ञानको परित्याग गर्ने साधना गरे र त्यसपछि सबैले हेतुप्रत्ययको नियम बुझ्न सकून् र त्यसलाई तिरस्कार नगरुन् भनी कामना गरे ।

यसरी बुद्धको करुणा सबै मानिसहरूमाथि व्याप्त हुन्छ र उनको कहिल्यै नघट्ने दया उनीहरूको सुखका लागि हो । मातापिताले छोराछोरीलाई माया गरे जस्तै उनी मानवप्रति स्नेह गर्दछन् र उनीहरूका निमित्त परमानन्दको कामना गर्दछन् , जसले गर्दा उनीहरू जीवन र मरणको यो भवसागर पार गर्न सक्षम हुनेछन् ।

# २

# बुद्धको मोक्ष र हाम्रा निमित्त मुक्ति

१. ज्ञानको टाढा किनाराबाट दिइएको, बुद्धको उपदेश, मोहको संसारमा अझै संघर्ष गरी राखेका मानिसहरूसम्म पुग्न सारै कठिन हुन्छ ; तसर्थ बुद्ध स्वयम् यस्तो संसारमा फर्कन्छन् र मोक्षको आफ्नो पद्धति प्रयोगमा ल्याउँछन् ।

बुद्धले भने “अब म तिमीहरूलाई एक अर्ति कथा सुनाउँछु ।” “कुनै समय एक धनी व्यक्ति बस्दथ्यो, जसको घरमा आगलागी भयो । त्यसबेला त्यो व्यक्ति घरमा थिएनन् जब ऊ घर फर्केर आयो, उसले आफ्ना छोराछोरीहरू खेल्नमा मस्त भइ आगो लागेको थाहा नपाई अझै घरभित्रै बसिराखेको पायो। बाबुले कराएर भन्यो , छोराछोरी हो ! बाहिर निस्क, छिटो घरबाट बाहिर आऊ । छिटो गर ! ” तर छोराछोरीहरूले उनका कुरा सुनेनन् ।

तसर्थ व्याकुल बाबु फेरि करायो । छोराछोरी हो, मसँग केही अचम्मका खेलौनाहरू छन, घरबाट बाहिर आएर तिनलाई लेउ ! यो कुरा सुनेर यसपल्ट केटाकेटीहरू आगो लागेको घरबाट दगुरेर बाहिर आए । ”

यो संसार आगलागी भएको एक घर हो । मानिसहरू आगलागी भएको थाहा नपाई त्यसैमा जलेर मर्ने विपत्तिमा छन् । तसर्थ बुद्धले करुणाले प्रेरित भई उनीहरूलाई बचाउने उपाय गर्दछन् ।

२. बुद्धले भने "म तिमीहरूलाई अर्को अर्ति कथा सुनाउँछु। कुनै समय एक धनी व्यक्तिको एक मात्र छोराले गृहत्याग गऱ्यो र अत्यन्त गरिबीको अवस्थामा पुग्यो।

जब बाबुले आफ्नो छोराको खोजीमा टाढा यात्रा गऱ्यो, उसले छोरालाई भेटाउन सकेन। बाबुले छोरालाई खोज्न हरसंभव कोशिस गऱ्यो तर सबै व्यर्थ भयो।

केही कालपछि, सारै दुर्दशामा परेको छोरो घुम्दाघुम्दै बाबु बसेनिर पुग्न गयो।

बाबुले छोरालाई तुरुन्तै चिनीहाले अनि फिरन्ते छोरालाई घर फर्काउन आफ्ना नोकरहरू पठाए ; तर छोरा घरको भव्यता देखेर सशंकित भयो। उनीहरूले केही छल गर्न आँटेका हुन् भन्ठानी, ऊ उनीहरूसँग जान मानेन। उसले तिनी आफ्नै बाबु थिए भन्ने महशुस गरेनन्।

बाबुले यसपल्ट पैसा दिने प्रस्ताव गरी उनीहरूको धनी मालिकको घरमा काम गर्न हिँड् भन्न लगाउन पुनः नोकरहरूलाई पठाए। छोराले यो प्रस्ताव मान्यो र उनीहरूसँग आफ्नो बाबुको घरमा फर्की नोकर बने।

बाबुले विस्तारै विस्तारै उसको पदोन्नति गर्दै लगी सम्पूर्ण सम्पत्तिको अधिकार सुम्पियो तैपनि अझै छोराले बाबुलाई चिन्न सकेन।

बाबु आफ्नो छोराको निष्ठावान देखेर प्रसन्न भयो, जब उसको

अन्तिम घडी नजिकै आयो, आफ्ना नाता कुटुम्ब तथा साथीहरू सबैलाई बोलाई उनीहरूलाई भन्यो "मित्रहरू, यो मेरो एक मात्र छोरा हो, जुन छोरा खोज्न मैले कैयन वर्ष लगाएँ। अब उप्रान्त मेरो सम्पूर्ण धन सम्पत्ति यसैको हुनेछ।"

छोरा बाबुको यस्तो स्वीकारोक्ति सुनेर आश्चर्यचकित हुँदै भन्न थाले : "मैले आफ्नो बाबु मात्र पाइन, यद्यपि यी सबै धन सम्पत्ति पनि अब मेरा भए।"

यस अर्ति कथाको धनी मानिसले बुद्धलाई संकेत गर्दछ , र घुमन्ते छोराले सबै मानिसहरूलाई। बाबुको आफ्नो एक मात्र छोराप्रतिको स्नेह जस्तै बुद्धको करुणा सम्पूर्ण मनुष्यमाथि व्याप्त हुन्छ। त्यस स्नेहमा, उनले उनीहरूलाई मार्ग प्रदर्शन गर्ने, उपदेश दिने र ज्ञानको विधिद्वारा समृद्ध पार्ने सबभन्दा बुद्धिमत्तापूर्ण पद्धतिको विचार गर्दछन्।

३. जसरी वर्षाको पानी सबै वनस्पतिमाथि समान रूपले पर्दछ , त्यसरी नै बुद्धको करुणा सबै मनुष्यमाथि समान रूपले व्याप्त हुन्छ। जसरी विभिन्न विरुवाहरूले एकै वर्षाको पानीबाट बेग्लाबेग्लै लाभ उठाउँछन् , त्यसरी नै विभिन्न प्रकृति तथा परिस्थितिका मानिसहरू विभिन्न पद्धतिबाट कल्याण प्राप्त गर्दछन्।

४. बाबुआमाले आफ्ना सबै छोराछोरीलाई स्नेह गर्दछन् , तर बिरामी बच्चातिर उनीहरूको स्नेह विशेष कोमलताका साथ अभिव्यक्त हुन्छ।

बुद्धको करुणा सबै मानिसहरूप्रति समान रूपको हुन्छ , तर जो आफ्नो अज्ञानको कारणले गर्दा बढी पाप र दुःखको भारी बोकेका हुन्छन् , उनीहरूका प्रति यो करुणा विशेष ध्यानपूर्वक व्यक्त हुन्छ।

पूर्वी आकाशमा सूर्य उदाउँछ अनि यसले कुनै विशेष क्षेत्रलाई मात्र भेदभाव  वा कृपा नगरी संसारको अन्धकारलाई हटाइदिन्छ। यसैगरी बुद्धको करुणा पनि सबै मानिसहरूमाथि व्याप्त हुन्छ , उनीहरूलाई कुमार्गबाट हटाएर सत्मार्गमा लाग्न प्रोत्साहित गर्दछ। यसरी उनले अज्ञानको अन्धकारलाई हटाई मानिसहरूलाई ज्ञानको मार्ग तर्फ लग्दछन् ।

बुद्ध उनको करुणामा पिता सरह र उनको स्नेहपूर्ण दयालुपनमा माता सरह छन् । मानिसहरू आफ्नो अज्ञान र सांसारिक तृष्णाको बन्धनले गर्दा प्रायः अत्याधिक व्यग्रता व्यक्त गर्दछन् । बुद्ध पनि सबै मनुष्यहरूप्रति करुणामयी हुँदै अत्यन्त व्यग्र छन् । बुद्धको करुणाविना उनीहरू निःसहाय हुन्छन् । तसर्थ उनीहरूले बुद्धका सन्तान सरह मुक्तिको मार्ग ग्रहण गर्नुपर्दछ ।

## ३

## अनादि बुद्ध

१. साधारण मानिसहरूको विचारमा बुद्धको जन्म एक राजकुमारका रूपमा भएको थियो र उनले ज्ञानको मार्ग एक सन्यासीको रूपमा प्राप्त गरे ; वास्तवमा यस संसारमा बुद्ध सधैँ अस्तित्वमा थिए जसको शुरुवात वा अन्त केही थिएन ।

अनादि बुद्धका रूपमा, उनले सबै मनुष्यलाई चिनेका छन् र मोक्षको सबै पद्धति प्रयोगमा ल्याएका छन् ।

बुद्धले शिक्षा दिएको शाश्वत धर्ममा कुनै असत्यता छैन किनभने उनले संसारमा सबै वस्तुलाई जस्ताको तस्तै रूपमा चिन्दछन र उनले सबै मनुष्यहरूलाई तिनको उपदेश दिन्छन् ।

वास्तवमा, संसारको वास्तविक रूप के हो भनी बुझ्न सारै कठिन छ , किनभने यद्यपि यो वास्तविक देखिन्छ तर त्यो होइन, यद्यपि यो अवास्तविक देखिन्छ तर त्यो होइन । अज्ञानी व्यक्तिहरू संसारको सत्यता थाहा पाउन सक्दैनन् ।

बुद्धले मात्र संसार जस्तो छ त्यसलाई सत्य र पूर्ण रूपले बुझ्दछन्, उनले कहिल्यै पनि यो वास्तविक हो अथवा अवास्तविक अनि असल हो अथवा खराब भनी भन्दैनन् । उनले संसार जस्तो छ त्यही यथार्थ रूपमा देखाउँछन् ।

बुद्धले दिने उपदेश यो हो : "सबै मनुष्यले आफ्नो स्वभाव, आफ्नो कर्म र आफ्नो आस्थाका अनुसार सद्गुणको जरैसम्म पुगी त्यसमा लाग्नु पर्दछ ।" संसारको प्रमाणीकरण र अप्रमाणीकरण भन्दा यो उपदेश धेरै माथि छ ।

२. बुद्धले शब्दद्वारा मात्र उपदेश दिने होइन, उनले आफ्नो जीवनद्वारा पनि उपदेश दिन्छन् । यद्यपि उनको जीवन अनन्त छ , तर तृष्णाले भरिएको जीवनसित आशक्त मनुष्यको ध्यान जागृत गराउन उनले जीवन र मृत्युको उपाय प्रयोग गर्दछन् ।

"कुनै एक बैद्य आफ्नो घरबाट टाढा हुँदा उसका छोराछोरीले अकस्मात् विष खान पुगेछन् । जब वैद्य घर फर्क्यो, उसले केटाकेटी

बिरामी परेको देखि एक विष प्रतिरोधात्मक औषधी बनायो। छोराछोरीहरूमध्ये जसलाई धेरै विष लागेको थिएन उनीहरूले औषधी खाए र उनीहरूलाई निको भयो, तर अरुहरूलाई ज्यादै बढी विष लागेको हुँदा उनीहरूले औषधी खान अस्वीकार गरे।

वैद्यले आफ्ना छोराछोरीप्रतिको प्रेमको कारणले उनीहरूले औषधी सेवन गरुन भनी एक कठोर तरिका अपनाउने निर्णय गऱ्यो। उसले छोराछोरीलाई भन्यो : "म लामो यात्रामा जानुपर्ने भएको छ। म बूढो भएकोले कुनै पनि दिन मर्न सक्छु। यदि म तिमीहरूसँग बसे भने तिमीहरूको हेरचाह गर्न सक्नेछु , तर यदि म मरे भने, तिमीहरूको रोग झन बढ्दै जानेछ। यदि तिमीहरूले मेरो मृत्युको खबर सुन्यौ भने यो विष प्रतिरोधात्मक औषधी सेवन गर्नु भनी आग्रह गर्दछु।" त्यसपछि ऊ लामो यात्रामा हिँड्यो। केही समयपछि उसले आफ्ना छोराछोरीहरूलाई एक दूतमार्फत आफ्नो मृत्युको खबर पठायो।

छोराछारीहरू यो खबर पाएपछि आफ्नो पिताको मृत्युले र बाबुको उदार स्नेहबाट अब बञ्चित हुने कुराले ज्यादै दुःखित भए। आफ्ना बाबुले विदा हुँदा गरेको अनुरोध सम्झेर, शोक तथा असहायपनको भावनाले भरिएर, उनीहरूले औषधी सेवन गरे र निको भए।

मानिसहरूले यो वैद्य पिताको कपटलाई निन्दा गर्नु हुँदैन। बुद्ध पनि ती पिता जस्तै हुन्। उनले पनि तृष्णाको बन्धनमा परेकाहरूलाई रक्षा गर्न जीवन र मृत्युको परिकल्पना प्रयोगमा ल्याउँछन्।

तृतीय अध्याय

# बुद्धका रूप र उनका सद्‌गुणहरू

## १

## बुद्धको शरीरका तीन पक्षहरू

१. बुद्धलाई उनको रूप तथा गुणबाट चिन्ने प्रयत्न नगर ; किनभने न त रूप न गुण नै वास्तविक बुद्ध हुन्। वास्तविक बुद्ध त स्वयम् ज्ञान हो। बुद्धलाई थाहा पाउने सत्मार्ग ज्ञानको अनुभूति गर्नु हो।

यदि कसैले बुद्धको उत्कृष्ट आकार देख्दछ अनि बुद्धलाई चिनेको छु भन्दछ भने, त्यो एक अज्ञानी आँखाको दोष मात्र हो, किनभने वास्तविक बुद्धलाई न त रूपमा मूर्त गर्न सकिन्छ न त मानव आँखाले नै देख्न सक्दछ। न त कसैले बुद्धलाई उनको गुणको विशुद्ध वर्णनबाट नै थाहा पाउन सक्दछ। उनका गुणहरू मानव शब्दमा वर्णन गर्न सम्भव छैन।

यद्यपि हामी उनको रूपको कुरा गर्दछौँ, अनादि बुद्धको कुनै निश्चित रूप हुँदैन, तर उनले आफूलाई कुनै पनि रूपमा प्रकट गर्न सक्दछन्। यद्यपि हामी उनका गुणहरूको वर्णन गर्दछौ तर अनादि बुद्धका कुनै निश्चित गुणहरू हुन्नन्, तर उनले आफूलाई कुनै अथवा सबै गुणहरूमा प्रकट गर्न सक्दछन्।

तसर्थ, यदि कसैले बुद्धको रूप स्पष्ट देख्दछ भने, अथवा उनको गुणको अनुभूति निर्मल रूपले गर्दछ भने र तैपनि उनको रूप तथा उनको गुणहरूप्रति आशक्त भएर रहँदैन भने, उसमा बुद्धलाई हेर्ने र चिन्ने क्षमता हुन्छ ।

२. बुद्धको शरीर स्वयम् ज्ञान हो । रूपरहित र तत्वरहित भएको हुँदा ऊ सदैव थियो र सदैव रहने छ । यो आहारद्वारा परिपोषण गर्नुपर्ने कुनै भौतिक शरीर होइन । यो त एक अनादि शरीर हो, जसको तत्व प्रज्ञा हुन्छ । बुद्धलाई तसर्थ, न त कुनै त्रास हुन्छ अथवा व्याधि नै हुन्छ ; उनी सदा अपरिवर्तनीय छन् ।

तसर्थ, ज्ञान रहुन्जेल बुद्ध कहिल्यै लोप हुँदैनन् । ज्ञान, प्रज्ञा ज्योतिका रूपमा प्रकट हुन्छ जसले मनुष्यहरूलाई जीवनको नवीनताका साथ जगाउँदछ र उनीहरूलाई बुद्धको संसारमा जन्माउँछ ।

जसले यो अनुभव गर्दछन् ,उनीहरू बुद्धका सन्तान हुन पुग्दछन् ; उनीहरूले उनको धर्मको संरक्षण गर्दछन् । उनको उपदेशको सम्मान गर्दछन र सन्तान दरसन्तानसम्म यसलाई पुऱ्याउँछन् । बुद्धको शक्तिभन्दा बढी अद्भूत कुरा अरु केही हुन सक्दैन ।

३. बुद्धको शरीरका तीन रूप छन् । एक रूप तत्व अथवा धर्मकायको हुन्छ ; अर्को रूप शक्यता अथवा संभोगकायको हुन्छ ; र अर्को रूप अभिव्यक्ति अथवा निर्माणकायको हुन्छ ।

धर्मकाय धर्मको तत्व हो ; अर्थात् यो सत्यको नै तत्व हो । तत्वको रूपमा बुद्धको कुनै रूप अथवा वर्ण हुँदैन, तथा बुद्धको कुनै रूप अथवा वर्ण नभएको कारणले नै बुद्धको आवागमन अज्ञात हुन्छ। नीलो आकाश झैँ उनी सबैलाई ढाक्दछन् एवं उनी सबै वस्तु भएको हुनाले उनमा कुनै कुराको अभाव हुँदैन ।

मनुष्यले उनी अवस्थित छन् भन्ने ठानेकोले उनी अवस्थित भएका होइनन् । न त मनुष्यले बिर्सदा उनी लोप हुने हुन् । मनुष्य सुखी र सन्तुष्ट भएको बेलामा प्रादुर्भाव हुनुपर्ने उनलाई कुनै विशेष वाध्यता छैन, न त मनुष्य असावधान एवं कार्य विमुख भएको बेला अदृष्य हुने उनलाई आवश्यकता नै छ। मानवका सबै कल्पनातित विचार दिशा भन्दा बुद्ध माथि छन् ।

बुद्धको शरीर यस दृष्टिमा विश्वको कुनाकुनामा व्याप्त छ ; यो सर्वव्यापी छ , यो सदैव अवस्थित छ ,यो कुरा मनुष्यको उनी माथिको विश्वास अथवा उनको अस्तित्वमाथिको शंकामा निर्भर गर्दैन ।

४. संभोगकायले करुणा र प्रज्ञा दुबैको समिश्रण भएको त्यस बुद्ध-प्रकृतिलाई स्पष्ट गर्दछ , जो प्रतिबिम्बरहित भावना हुन्छ , जसले सबै मनुष्यलाई मुक्तिको मार्गतर्फ लग्न, जन्म र मृत्युको प्रतीकद्वारा एवं संकल्प, साधना तथा उनको पवित्र नाम प्रकटीकृत गर्ने प्रतीकहरूद्वारा आफूलाई प्रकट गर्दछ ।

करुणा यस कायको तत्व हो र यसको भावनामा बुद्धले सबै उपायहरूको प्रयोग गरेर ती सबै व्यक्तिको उद्धार गर्दछन् जो उद्धारका निमित्त तत्पर देखिन्छन्। अग्नि जस्तै एकपल्ट बालिएपछि इन्धन समाप्त नभएसम्म बली राख्दछ , त्यस्तै सम्पूर्ण सांसारिक राग समाप्त नहुन्जेल बुद्धको करुणा कदापि लरबरिन्न। जसरी हावाले धूलोलाई उडाएर लग्दछ , त्यसरी नै बुद्धको करुणाले मानव दुःखको धूलोलाई उडाइदिन्छ।

निर्माण कायका अनुसार, शाक्यतारूपी बुद्धको मोक्षलाई पूर्ण गर्न, बुद्ध यस संसारमा शरीर रूप धारण गरी प्रकट भए एवं मानिसहरूलाई उनीहरूको प्रकृति तथा क्षमताअनुसार जन्म, सन्यास तथा ज्ञान प्राप्तिका पक्षहरू देखाए। मनुष्यलाई मार्ग देखाउन, बुद्धले यस शरीरमा ब्याधि र मृत्यु जस्ता सबै उपायहरू प्रयोग गर्दछन्।

बुद्धको रूप प्रारम्भमा धर्मकाय हो, तर जसरी मनुष्यको प्रकृतिमा भिन्नता हुन्छ त्यसरी नै बुद्धको रूप पनि भिन्दाभिन्दै देखिन्छ। यद्यपि मनुष्यको विभिन्न तृष्णा, कर्म र क्षमताका अनुरूप बुद्धको रूपमा अन्तर हुन्छ , तर बुद्धको सम्बन्ध धर्मको सत्यसँग मात्र छ।

यद्यपि बुद्धका तीन शरीर छन् , तर उनको भावना र उद्देश्य एक मात्र छ – त्यो हो सम्पूर्ण मनुष्यको रक्षा गर्नु।

यद्यपि सबै परिस्थितिहरूमा बुद्ध आफ्नो पवित्र रूपमा प्रकट हुन्छन् , तर त्यो प्रकटीकरण बुद्ध होइन, कारण बुद्ध रूप होइन।

बुद्धत्वले सबै कुरा परिपूर्ण गर्दछ र यसले ज्ञानलाई आफ्नो शरीरको रूप दिन्छ र ज्ञानका रूपमा यो ती सबैका सामु प्रकट हुन्छ जो सत्यको प्राप्ति गर्न सक्षम हुन्छन् ।

# २
# बुद्धको प्रादुर्भाव

१. संसारमा बुद्धको प्रादुर्भाव विरलै हुन्छ। बुद्ध अहिले यो संसारमा प्रादुर्भाव हुनुभई, ज्ञान प्राप्त गर्नुभई, धर्मको प्रतिष्ठापन गर्नुभयो, शंकाको जालो विच्छेद गरिदिए, तृष्णाको दुराकर्षणलाई जरैदेखि निर्मूल गरिदिए। बाधारहित भई आफ्नो इच्छानुसार संसारको विचरण गरे। बुद्धको श्रद्धा गर्नुभन्दा अरु उत्तम कुरा केही छैन।

बुद्धले दुःखी मनुष्यहरूको परित्याग गर्न नसक्ने हुनाले नै उनको प्रादुर्भाव दुःखको संसारमा हुन्छ। उनको एक मात्र उद्देश्य धर्मको प्रचार गर्नु हो र यसको सत्यद्वारा सबै मनुष्यको कल्याण गर्नु हो।

अन्याय र असत्य मापदण्डले भरिएको संसारमा, यस्तो संसार जो अतृप्त तृष्णा एवं असुविधासँग बेमतलवमा संघर्ष गरी राखेको छ , त्यस्तो संसारमा धर्मको प्रतिष्ठापन ज्यादै कठिन कुरा हो। बुद्ध अत्यन्त प्रेम र करुणाले भरिएका हुनाले उनले यी कठिनाइहरूलाई प्रत्यक्षीकरण गर्दछन्।

२. बुद्ध यस संसारमा सबैका असल मित्र हुन्। यदि बुद्धले कुनै

व्यक्तिलाई सांसारिक रागको भारी बोझद्वारा दुःख पाइराखेको पाए भने, उनमा त्यस व्यक्तिकाप्रति करुणा जागृत हुन्छ र उसको बोझमा साझेदारी हुन्छन् । यदि उनले मोहमा परेको कुनै व्यक्ति भेटे भने, उनले आफ्नो प्रज्ञाको पवित्र ज्योतिद्वारा मोहलाई हटाइदिन्छन् ।

बाछोले आफ्नो आमासँग बस्न मन पराएजस्तै, जसले बुद्धको उपदेश सुनेका हुन्छन् ,उनीहरू उनलाई त्यसपछि कहिल्यै पनि छाड्न चाहँदैनन् कारण उनको उपदेशले उनीहरूलाई कल्याण प्रदान गर्दछ ।

३. जब चन्द्रमा अस्ताउँछ , मानिसहरूले चन्द्रमा अदृश्य भयो भनी भन्दछन् ; जब चन्द्रमा उदय हुन्छ , उनीहरू भन्दछन् चन्द्रमा प्रकट भयो । वास्तवमा चन्द्रमा न त अदृश्य हुन्छ न त प्रकट नै, तर आकाशमा निरन्तर चम्कीरहेको हुन्छ । बुद्ध ठीक चन्द्रमा समान हुन् । उनी न त प्रकट हुन्छन् न त अदृश्य हुन्छन् ; मनुष्यहरूलाई उपदेश दिन उनमा भएको स्नेहले गर्दा उनले यसो गरेको जस्तो मात्र देखिन्छ ।

चन्द्रमाको एक पक्षलाई मानिसहरू पूर्ण चन्द्र भन्दछन् , उनीहरू अर्को पक्षलाई अर्धचन्द्र भन्दछन् ; तर वास्तवमा चन्द्रमा भने सदैव पूर्ण गोलाकार हुन्छ , न त बढ्छ न त घट्छ । बुद्ध ठीक चन्द्रमा जस्तै हुन् । मनुष्यको दृष्टिमा बुद्धले रूप परिवर्तन गरी राखे जस्तो लाग्दो हो, तर वास्तवमा बुद्ध अपरिवर्तनशील छन् ।

चन्द्रमा सर्वत्र देखिन्छन् ,धेरै जनसंख्या भएको शहरमा, चकमन्न गाउँमा, पर्वतमा, नदीमा, तालको गहिराईमा, पानीको

भाँडोमा र पातमाथि भुण्डिएको शीतको थोपामा। यदि कुनै मानिस सैकडौ कोश हिँड्यो भने, चन्द्रमा उसको साथसाथै हिँडेको देखिन्छ। मानिसको विचारमा चन्द्रमामा परिवर्तन आएको लाग्दछ , तर चन्द्रमामा परिवर्तन आउँदैन। बुद्ध पनि चन्द्रमा जस्तै हुन् जो मनुष्यको सबै परिवर्तित परिस्थितिमा विभिन्न रूपमा प्रकट भएका देखिन्छन् तर उनको तत्वमा उनमा कुनै परिवर्तन हुदैन।

४. बुद्ध प्रकट हुने र लोप हुने तथ्यको व्याख्या हेतुप्रत्ययद्वारा गर्न सकिन्छ अर्थात् जब हेतु र परिस्थिति अनुकूल हुन्छन् , बुद्ध प्रकट हुन्छन् ; जब हेतु र परिस्थिति अनकूल हुँदैन, बुद्ध संसारबाट लोप भए सरह देखिन्छन्।

तर बुद्ध प्रकट भए पनि लोप भए पनि बुद्धत्व सदैव समान रहन्छ। यो सिद्धान्त बुझेर, प्रत्येकले ज्ञानको मार्गमा लाग्नै पर्दछ र पूर्ण प्रज्ञा प्राप्त गर्नु पर्दछ , र त्यसो गर्ने व्यक्ति बुद्धको प्रतिमामा एवं संसारको स्थितिमा देखिने परिवर्तनबाट अथवा मानव विचारमा उत्पन्न हुने सन्देहहरूबाट विचलित हुनु हुँदैन।

यहाँ व्याख्या गरिसकिएको छ , बुद्ध भौतिक शरीर होइनन् तर ज्ञान हुन्। यदि शरीरलाई एउटा पात्र मान्यो भने र यदि यो पात्र ज्ञानले भरिएको छ भने, यसलाई बुद्धको संज्ञा दिए हुन्छ। तसर्थ, यदि कुनै पनि व्यक्ति बुद्धको भौतिक शरीरसँग आशक्त छ भने र उनी लोप हुँदा विलाप गर्दछ भने, उसले साँचो बुद्ध देख्न सक्दैन।

वास्तवमा, सबै वस्तुको सत्य प्रकृति, उत्पत्ति र लोपको, आगमन र प्रस्थानको अनि राम्रो र नराम्रोको विभेदभन्दा माथि हुन्छ। सबै वस्तुहरू तत्वरहित र पूर्ण समरूपी हुन्छन्।

यस्ता विभेदहरू यी गोचरबस्तु देख्ने व्यक्तिका भ्रान्तिपूर्ण निर्धारणका फल मात्र हुन्। बुद्धको सत्य रूप न त प्रकट हुन्छ , न त लोप हुन्छ।

## ३

## बुद्धका सद्‌गुण

१. बुद्धले विश्वमा सम्मान प्राप्त गरेको कारण उनका पाँच सद्‌गुण हुन् : उत्कृष्ट व्यवहार, उत्कृष्ट दृष्टिकोण, परिपूर्ण प्रज्ञा, उपदेश दिने उत्कृष्ट क्षमता र मनुष्यलाई आफ्नो उपदेश पालन गराउन मार्ग देखाउन सक्ने शक्ति।

यसका अतिरिक्त, बुद्धका आठ अरु सद्‌गुणहरू छन् , जसले उनलाई मानिसहरूलाई आशिष एवं सुख प्रदान गर्न, उनको उपदेश पालन गर्नाले संसारलाई तत्काल लाभ प्रदान गर्न, असल र कमसल, सत्य र असत्य राम्ररी छुट्याउन, मानिसहरूलाई सत्मार्गको उपदेश दिई ज्ञान प्राप्त गराउन, सबै मुनष्यलाई समान मार्गमा लगाउन, अभिमान र गर्व परित्याग गर्न, उनको वचनअनुसार गर्न, उनले गरेअनुसार बोल्न र यसरी उनको करुणापूर्ण मनद्वारा भएको संकल्प पूरा गर्न, सक्षम तुल्याउँछन्।

ध्यानको अभ्यासद्वारा बुद्धले निश्चल एवं शान्तिपूर्ण भावनाको

संरक्षण ,गर्दछन् जुन भावना, दया, करुणा, सुख र समचित्तताले समेत तेजिलो हुन्छ। उनी सबैसँग समान व्यवहार गर्दछन् एवं उनीहरूको मनको अपवित्रता हटाई पूर्ण एकाग्र भावनामा आनन्दित तुल्याउँछन्।

२. बुद्ध संसारका मनुष्यहरूका निमित्त मातापिता दुवै हुन्। बालक जन्मेको सोह्र महिनासम्म मातापिताले ऊसँग बच्चाजस्तै बोल्नु पर्दछ ; त्यसपछि विस्तारै उसलाई एक वयस्कको रूपमा बोल्न सिकाइन्छ। सांसारिक माता पिता जस्तै, बुद्धले पहिला मानिसहरूको हेर विचार गर्दछन् र त्यसपछि आफ्नो हेरविचार स्वयम् गरुन् भनी उनीहरूलाई छाडी दिन्छन्। पहिले त उनले उनीहरूलाई उनीहरूको तृष्णा बमोजिम गर्न दिन्छन् र त्यसपछि उनीहरूलाई शान्तिपूर्ण एवं सुरक्षित आश्रयमा पुऱ्याउँछन्।

बुद्धले आफ्नो भाषामा जे उपदेश दिन्छन, मानिसहरूले आफ्नो भाषामा त्यसलाई आफ्नै लागि मात्र दिनु भए जस्तो गरी ग्रहण एवं समायोजन गर्दछन्।

बुद्धको मनस्थिति मानिसहरूको चिन्तनभन्दा माथि छ ; यसलाई शब्दद्वारा स्पष्ट गर्न सकिन्न ; यसलाई अर्ति कथाद्वारा मात्र संकेत गर्न सकिन्छ।

गंगा नदीमा घोडा तथा हात्तीहरू तर्दा नदीको पानी हल्लिन्छ एवं माछा तथा कछुवाको चालले पनि त्यसको पानी विथोलिन्छ ; तर नदीलाई यस्ता साना कुराले कुनै असर नपारी पवित्र रूपमा नखलबलिएर बगी राख्दछ। बुद्ध एक महानदी जस्तै हुन्। अन्य

उपदेशका माछा र कछुवाहरू यसको गहिराईमा पौडी खेली त्यसको प्रवाह रोक्ने निरर्थक प्रयत्न गर्दछन्। बुद्धको धर्म विघ्नवाधारहित पवित्र रूपले बगी राख्दछ।

३. बुद्धको प्रज्ञा, परिपूर्ण भएको हुँदा दुराग्रहको अत्यन्तताभन्दा यसले आफूलाई टाढा राख्दछ र यसमा अवर्णनीय संयम संरक्षित गर्दछ। सर्वबुद्धि सम्पन्न भएको हुँदा उनले सबै मानिसहरूको विचार र भावना थाहा पाउँछन् र यस संसारको प्रत्येक कुरा एकै क्षणमा पूर्ण गर्दछन्।

जसरी आकाशका ताराहरू एक शान्त समुन्द्रमा प्रतिविम्बित हुन्छन् , त्यसरी नै बुद्धको प्रज्ञाको गहिराइमा मानिसहरूको विचार, भावना र परिस्थितिहरू प्रतिबिम्बित हुन्छन्। त्यसैले बुद्धलाई पूर्ण ज्ञान प्राप्त व्यक्ति एवं सर्वज्ञ भनिन्छ।

बुद्धको प्रज्ञाले मानिसहरूको शुष्क मस्तिष्कलाई शीतल पार्दछ। उनीहरूलाई उपदेश दिन्छ एवं यस संसारको महत्व, यसको हेतु र प्रभाव तथा यसको उत्पत्ति र लोपको शिक्षा दिन्छ। वास्तवमा बुद्धको प्रज्ञाको सहायता विना, मानिसहरूलाई संसारको कुन चाहिँ रूप बोधगम्य हुन्छ र ?

४. बुद्ध सदैव बुद्धका रूपमा प्रकट हुँदैनन्। कहिलेकाहीँ उनी दुष्टको अवतार लिएर प्रकट हुन्छन् , कहिले नारीको रूपमा, कहिले देवताको, कहिले राजाको अथवा कहिले राजनीतिज्ञको रूपमा ; कहिलेकाही वेश्यालय अथवा जुवाको अड्डामा पनि उनी प्रकट हुन्छन्।

महामारी लागेको बेला उनी एक रोगहर चिकित्सकका रूपमा प्रकट हुन्छन र युद्धको बेला उनी दुःखी मानिसहरूका निमित्त क्षमा र दयाको उपदेश दिन्छन् । जुन व्यक्तिहरू, वस्तुहरू नित्य हुन् भनी विश्वास गर्दछन् , ती व्यक्तिहरुलाई अनित्य तथा अनिश्चयको उपदेश दिन्छन् र जो घमण्डी अथवा आत्माकेन्द्रित स्वभावका छन् , उनका निमित्त उनी विनम्रता एवं आत्मबलिदानको उपदेश दिन्छन् । जो सांसारिक भोगविलासको जालोमा अल्भेका छन् ,उनका समक्ष उनी संसारको क्लेश प्रकट गर्दछन् ।

बुद्धको क्रिया सबै कार्यहरू एवं अवसरहरूमा धर्मकाय (बुद्धको निरपेक्ष प्रकृति) को पवित्र तत्व प्रकट गर्नु हो ; तसर्थ बुद्धको दया र करुणा मानिसहरूलाई मुक्ति प्रदान गर्ने अनन्त जीवन तथा असीमित ज्योतिका रूपमा यसै धर्मकायबाट प्रवाहित हुन्छ ।

५. संसार एक आगो लागेको घर, जुन निरन्तर नष्ट भइराख्दछ र जसको निरन्तर निर्माण भइराख्दछ जस्तै हो । मानिसहरू अज्ञानको अन्धकारले मतिभ्रम भएर क्रोध, असन्तोष, ईर्ष्या, दुराग्रह, एवं सांसारिक रागले बाटो विराएका हुन्छन् । तिनीहरू आमा खोजीरहेका साना बालक जस्तै हुन्छन् ; प्रत्येक व्यक्ति बुद्धको दया र करुणामा भर पर्नै पर्दछ ।

बुद्ध सम्पूर्ण विश्वका पिता हुन् ; सबै मनुष्य बुद्धका सन्तान हुन् । बुद्ध सन्तहरूमध्ये महासन्त हुन् । संसार जरा मरणको ज्वालामा प्रज्वलित छ ; जताततै दुःखै दुःख छ ; तर सांसारिक भोगविलासको व्यर्थको खोजीमा लागेका व्यक्तिहरूले यस कुराको पर्याप्त अनुभूति गर्न सक्दैनन् ।

बुद्धले यो भ्रमको संसार वास्तवमा एक जलिरहेको घर जस्तै देखे, त्यसैले उनले त्यसको परित्याग गरे अनि शान्त जंगलमा आश्रय एवं शान्ति प्राप्त गरे। त्यहाँ उनको महती करुणाबाट उनले भने : “यो परिवर्तन एवं दुःखको संसार मेरो संसार हो ; यी सबै अज्ञानी एवं असावधान व्यक्तिहरू मेरा सन्तान हुन् ; मैले मात्र उनीहरूलाई मोह तथा क्लेशबाट बचाउन सक्ने छु।”

बुद्ध ,धर्मका महान् राजा भएका हुनाले उनी सबै मनुष्यहरूलाई आफूले चाहे अनुसार उपदेश दिन सक्दछन्। बुद्ध संसारमा मानिसहरूलाई आशिर्वाद दिन प्रकट हुन्छन्। उनीहरूलाई दुःखबाट बचाउन उनले धर्मको उपदेश दिन्छन् तर मानिसहरूको कान, लोभद्वारा राम्ररी सुन्न नसक्ने हुन्छ र उनीहरू ध्यान दिन सक्दैनन्।

तर जसले उनको उपदेश सुन्दछन् , तिनीहरू मोह तथा जीवनको क्लेशबाट मुक्त हुन्छन्। उनले भने, “मानिसहरूलाई उनीहरूकै बुद्धिको भरमा पर्न दिएर बचाउन सकिन्न”, “उनीहरू विश्वासका साथ मेरो उपदेशमा प्रवेश गर्नै पर्दछ।” तसर्थ, प्रत्येक व्यक्तिले बुद्धको उपदेश सुन्नु पर्दछ र त्यसको पालना गर्नु पर्दछ।